# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं.१ नेपाल


प.सं.२०७८/०७९

च.नं.१२६९

मितिः २०७९।०३।०२

श्री वडा कार्यालय (सबै),
सोलुदुधकुण्ड नगरपालिका।

**विषयः बजेट सिलिङ तथा मार्गदर्शन सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.व. २०७९।०८० का लागि प्रत्येक वडालाई तपशिल बमोजिमको बजेट सिलिङ कायम गर्ने निर्णय भएकोले सो अनुसारको बजेट सिलिङ तथा मार्गदर्शन यसै पत्रसाथ संलग्न राखी पठाइएको छ।सो बमोजिम योजना तर्जुमा गर्नहुन जानकारी गराइन्छ ।

[illegible]

राम कुमार खड्का
शाखा अधिकृत


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་ཕོ་མའི་མཚོའི་གྲོང་ཁྱེར་སྤྱི་ཁྱབ་ལས་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं.१ नेपाल


प.सं.२०७८/०७९

च.नं.

## आ.व. २०७९।८० का लागि वडागत बजेट सिलिङ ।

| क.स | वडा नं | चालुबजेट सिमा | | | पूजीगतबजेट सिमा | | |
|---|---|---|---|---|---|---|---|
| | | संघीय राजश्व | आन्तरीक | कुल जम्मा | समानीकरण | प्रदेशराजश्व | कुल जम्मा |
| १ | १ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| २ | २ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ३ | ३ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ४ | ४ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ५ | ५ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ६ | ६ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ७ | ७ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ८ | ८ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ९ | ९ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| १० | १० | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| ११ | ११ | २०००००.०० | ३०००००.०० | ५०००००.०० | ३५०००००.०० | ५०००००.०० | ४००००००.०० |
| कुल जम्मा | | २२०००००.०० | ३३०००००.०० | ५५०००००.०० | ३८५०००००.०० | ५५०००००.०० | ४४००००००.०० |

राम कुमार खड्का
शाखा अधिकृत

<u>बजेट बाँडफाँड समष्टिगत मार्ग दर्शन</u>

आगामी आ.व. मा वडाहरूलाई कूल रू. ४५ लाख मध्ये पुँजीगत तर्फ रू. ४० लाख र चालु तर्फ ५ लाख को सीमा कायम भएकोले उक्त बजेटबाट पुँजिगत तर्फ विशुद्धरुपमा भौतिक पूर्वाधार विकासका कार्य र चालु तर्फ विनियोजित रकमको विनियोजन गर्नुपर्ने साथै योजना तर्जुमा गर्दा तपशिलका मार्गदर्शनलाई अवलम्बन गर्नु पर्नेछ।

तपशिलः-

१. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ का दफा २४(३) बमोजिमका प्राथमिकताका विषयहरू साथै पन्धौ योजनाका लक्ष्य, उद्देश्य र रणनीतिहरूका कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी वडा स्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने र भौतिक पूर्वाधारका योजना तर्जुमा गर्दा कम्तिमा रू ३,५०,०००।— सम्मका योजना छनौट गर्न प्राथमिकता दिनुपर्ने ।

२. कार्यक्रम तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूका सम्बन्धित लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमहरूलाइ प्राथमिकता दिने ।

३. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५(नमुना) लाई आधारमानी वस्ती तहका योजना छनौट गर्दा निम्नुसार गर्नेः—

क) वडा समितिले आफ्ना वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती र टोलका योजना तर्जुमा गर्न सहजीकरण गर्न गरी संयोजकका जिम्मेवारी तोक्नुपर्ने,

ख) प्रत्येक वडाले वडाभित्रका बस्तीहरूमा योजना तर्जुमाका लागि बैठक हुने मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्ने,

ग) बस्ती तहका योजना छनौट गर्दा बस्ती भित्रका समुदाय (महिला, दलित,आदिवासी, जनजाति, जेष्ठ नागरिक, बालबालिका, युवा आदि)का प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने,

घ) टोल र बस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा टोल /बस्ती भित्रका क्रियाशिल सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बालक्लब र संजाल, युवाक्लब, नागारिक सचेतनाकेन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि) लाई पनि सहभागि गराइ योजना तथा कार्यक्रम छनौट गर्नुपर्ने,

ङ) यसरी छनौट भएको योजनाहरूका सूचि संयोजकले टोल र बस्ती स्तरमा भएर गरेका योजना तथा प्राथमिकीकरणका आधारमा लिखित रूपमा वडा समितिमा पठाउन पर्ने,

च) टोल र बस्तीहरूबाट प्राप्त योजनाहरूमध्ये वडाका लागि प्राप्त बजेट सीमाका अधिनमा रही योजनाहरू छनौट गरी प्राथमिकता निर्धारण सहित संलग्न ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने,

छ) भौतिक पूर्वाधारतर्फका योजनाहरू छनौट गर्दा क्रमागत योजनाहरू र तत्काल प्रत्यक्ष फाईदा पुऱ्याउने र एक आर्थिक वर्षमा सम्पन्न हुने खालका योजनाहरूको कार्यान्वयनका लागि प्राथमिकता दिनु पर्ने,

ज) पहिले बनिसकेका सरचनाहरू (सडक, खानेपानी, सिंचाई, भवन आदि) मा असर पर्ने गरी नयाँ योजना र कार्यक्रम प्रस्ताव वा कार्यान्वयन नगर्ने,

राम कुमार खड्का
शाखा अधिकृत

झ) जनसहभागिता जुटन सक्ने योजना तथा कार्यक्रमलाई उच्च प्राथमिकता लिई प्रत्येक योजना तथा कार्यक्रम लैंगिक सन्तुलन (महिला र पुरुष) र सबै वर्गका समावेशी सहभागिता (दलित, जनजाति, आदिवासी, उत्पीडित, उपेक्षित, विपन्न, अपाङ्ग, वृद्ध, युवा, बालबालिका, पिछडिएका वर्ग आदि) को सम्बोधन हुन गरी योजना तर्जुमा नगरपालिकाबाट गरिने,

ञ) बस्ती वा टोलमा भेला गर्दा प्राथमिकताका आधारमा योजना छनौट गर्नुका साथै यस्ता भेलामा राजनैतिक दलका प्रतिनिधि, प्राविधिक ज्ञान सीप भएका प्रबुद्ध व्यक्तित्व, महिला बालबालिका, अपाङ्ग, दलित, उपेक्षित, युवा, खेलकुदप्रेमी, उत्पीडित वर्ग, योजनाकार, अग्रज समाजसेवी, बुद्धिजीवि, जनजाति, पत्रकार, संचारकर्मी, उपभोक्ता समितिका अध्यक्ष वडामा रहेका विषयगत शाखाका प्रमुख दातृ निकाय, गै.स.स.का प्रतिनिधिलाइ आमन्त्रण गरी सहभागितात्मक रूपमा योजना तर्जुमा गर्ने,

ट) आ–आफ्ना वडामा थोरै लगानीबाट बढि भन्दा बढी प्रतिफल प्रासगर्ने अभिप्रायले साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने विभिन्न निकायसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्दा राख्नु पर्ने समपूरक कोष(म्याचिङ फण्ड)वडाका लागि छुट्टयाएका अनुदान रकमबाट अनिवाय राखि कार्यक्रम सञ्चालन गर्नुपर्ने,

ठ) आफ्ना वडाका कृषि, पशु, घरेलु, शिक्षा, स्वास्थ्य, सिंचाइकुलो, खानेपानी, मानव संशाधन आदि क्षेत्र लगायत आफ्ना वडाका स्रोत नक्शा, सामाजिक नक्शा, वडा पाश्चचित्र, वडाका नागरिक वडापत्र आदिका कार्य गर्न वडाका बजेट र स्रोतबाट र अन्य स्रोतबाट समेत वडाको क्षमता–हेरी बजेट बिनियोजन गरी वडाबाट स्वीकृत गराई कार्य गर्नुपर्ने,

ड) वडाका आन्तरिक आय वृद्धि गर्न कार्य योजना र कार्यक्रम अनिवार्य तयार गरी नगरपालिकामा पेश गर्नुपर्ने,

ढ) नगरपालिकाबाट स्वीकृत योजना तथा कार्यक्रमबाट सम्पूर्ण वडा बासीलाई अनिवार्य जानकारी हुनेगरी सार्वजनिक गर्नुपर्ने,

ण) महिला हिंसा मुक्त क्षेत्र, बालबालिका, अपाङ्ग मैत्री नगरपालिका घोषणा जस्ता अभियान सञ्चालन गर्न वडाहरूलाई पूँजीगत अनुदानबाट आवश्यक अनिवार्य रकम विनियोजन गरी सोही अनुसार सबैको समावेशी सहभागितामा कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्ने,

त) वडाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको पारदर्शिताका लागि योजना सूचना पाटी र सम्पन्न योजना तथा कार्यक्रमका अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्नुपर्ने,

थ) वडाबाट आ.व.२०७९/०८० मा सञ्चालन हुने योजना तथा कार्यक्रमको २०७९ साउन मसान्त भित्र अनिवार्य कार्य योजना बनाई सोही अनुसार कार्यान्वयन गर्ने र आ.व.२०७९/०८० मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको सुपरिवेक्षण अनुगमन गरी प्रतिवेदन दिने प्रयोजनका लागि एवं वडा स्तरीय योजना तथा कार्यक्रम अनुगमन एवं सुपरिवेक्षण समिति गठन गर्नुपर्ने,

द) वडालाई प्राप्त पुंजिगत अनुदान रकमबाट योजना सञ्चालन गर्दा स्थानीय श्रमप्रधान प्रविधि अवलम्बन गरी गर्नुपर्ने,

ध) वडालाई गरिबमुखी नीति र वडाका ग्रामीण दुर्गम र विकट क्षेत्रका आय आर्जनमा प्रत्यक्ष सेवा टेवा र सहयोग पुऱ्याउन कार्यक्रमहरू, ग्रामीण क्षेत्रका विपन्न वर्गका स्थानीय जनताका क्षमता र सीप विकास सम्बन्धी कार्यक्रमहरू, सामाजिक परिचालनका माध्यमबाट सञ्चालन गर्न सकिने कार्यक्रमहरू र लक्षित

राम कुमार खड्का
शाखा अधिकृत

वर्ग उन्मुख, महिला, दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्तिहरू, उपेक्षित उत्पीडित, पछाडि परेका विपन्न वर्गलाइ प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरू सञ्चालन गरी योजना तथा कार्यक्रम छनौट गर्नु साथै संघ, प्रदेश र स्थानिय तहको विकासका प्राथमिकता र योजना तथा कार्यक्रमलाई ध्यान दिई योजना तथा कार्यक्रम छनौट गर्न एंव कार्यान्वयन गर्नुपर्ने,

न) सबै वडाले मिति २०७९ साल असार ५ गते सम्मवडा तहबाट योजना तथा कार्यक्रम छनौट गरी अनिवार्य रूपमा नगरपालिकामा पठाउनु पर्ने।

राम कुमार खड्का
शाखा अधिकृत

बजेट तर्जुमा गर्दाका विषयगत क्षेत्रहरु।

१. आर्थिक विकास :

कृषि, सिंचाई, पशु विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय सेवा आदि उपक्षेत्रहरू समावेश गर्नुपर्दछ । यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १: गरिबी हटाउनु, लक्ष्य २: शून्य भोकमरी, लक्ष्य ८: मर्यादित काम तथा आर्थिक वृद्धि र लक्ष्य १०: असमानतामा कमीलाई यसै विषय क्षेत्रमा समावेश गर्नुपर्दछ ।

२. सामाजिक विकास :

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवद्र्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संरक्षण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदि उपक्षेत्रहरू समावेश गर्नुपर्दछ । साथैदिगोविकास लक्ष्य अन्तर्गत लक्ष्य ३: स्वस्थ जीवन र आरोग्यता, लक्ष्य ४: गुणस्तरीय शिक्षा, लक्ष्य ५: लैङ्गिक समानता, लक्ष्य ६: स्वच्छ पानी र सरसफाइलाई यस विषय क्षेत्रमा समावेश गर्नुपर्दछ ।

३. पूर्वाधार विकास :

सडक तथा पुल, भवन तथा सहरी विकास, ऊर्जा, लघुतथा साना जलविद्युत, सञ्चार आदि उपक्षेत्रहरू समावेश गर्नुपर्दछ । यसैगरी दिगो विकासका लक्ष्य अन्तर्गत लक्ष्य ७: सबैले धान्न सक्ने स्वच्छ ऊर्जा, लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार र लक्ष्य ११: दिगो शहर तथा समुदाय आदिलाई यस क्षेत्रमा समावेश गर्नुपर्दछ ।

४. वन, वातावरण तथा विपद्व्यवस्थापन :

वन, भूतथा जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकूलन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद्जोखिम न्यूनीकरण र व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन लगायतका उपक्षेत्रहरू समावेश गर्नुपर्दछ । साथै दिगो विकासका लक्ष्य अन्तर्गत लक्ष्य १२: उत्तरदायी उपभोग तथा उत्पादन, लक्ष्य १३: जलवायुपरिवर्तन अनुकूलन कार्य, लक्ष्य १५: जमिन माथिको जीवनलाई यस विषय क्षेत्रभित्र समावेश गर्नुपर्दछ ।

५. सुशासन तथा संस्थागत विकास :

सङ्गठन तथा मानव संशाधन, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक र अन्तिम लेखा परीक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय आदिलाई यस विषय क्षेत्रमा समावेश गर्नुपर्दछ । दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १६: शान्ति, न्याय पूर्ण समाज र बलिया संस्था र लक्ष्य १७: बहुसरोकार र साझेदारीलाई समेत यस विषय क्षेत्रभित्र समावेश गर्नुपर्दछ ।

राम कुमार खड्का
शाखा अधिकृत

बस्ती / वडा स्तरीय भेलाबाट प्राथमिकताको आधरमा नगरस्तरीत योजना तथा कार्यक्रमको लागि नगरपालिकामा पठाउने ढाँडा (पुँजिगत कार्यक्रमम तर्फ )

वडा नं.

टोल / वस्ती :- ...............................

प्राथमिकरण

१ सडक यातायात तथा पूल तर्फ

| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

२ भवन निर्माण, मर्मत तथा अन्य

| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

३ सिंचाई तथा खानेपानी तर्फ

| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

४ शिक्षा

| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

५ स्वास्थ्य

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

६ कृषि

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

७ पशुपंक्षी तर्फ

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

८ विद्युत

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

९ लक्षित समूह

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

१० पर्यटन तथा धर्म संस्कृति

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

११ वातावरण तथा विपद् व्यवस्थापन

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

१२ वैकल्पिक उर्जा

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

१३ शिक्षा

| | | | | | सम्भाविता लगानी | | लाभान्वित जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | टोल वा वस्तीको नाम | योजनाको नाम | आयोजना संचालन हुने स्थान | कार्यान्वय विधि उपभोक्ता / ठेक्का | वडाबाट | उपभोक्ताबाट | महिला | पुरुष | दलित | आदिवासी | अन्य | जम्मा |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

## सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत वडा कार्यालयहरुका लागि आर्थिक वर्ष २०७९/८० को चालुखर्च तर्फ विनियोजित रकमको खर्च शीर्षक

| सि.नं | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | बैठक भत्ता | | |
| २ | कार्यालय संचालन | | |
| ३ | विद्युत महसुल | | |
| ४ | इन्टरनेट(सञ्चार) | | |
| ५ | सवारी साधन मर्मत | | |
| ६ | इन्धन | | |
| ७ | दैनिक भ्रमण भत्ता | | |
| ८ | विविध | | |

नोटः माथि उल्लेखित शीर्षकहरुमा बाहेक अन्य शीर्षकहरुमा रकम बाँडफाँट भएमा अन्य शीर्षकको रकम निकासा हुने छैन ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु १ नं. प्रदेश, नेपाल

राम कुमार खड्का
शाखा अधिकृत